**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २१५**

**पुनरावेदन नं. ०७७-RB-००२९**

**मुद्दाः– मूल्य अभिवृद्धि कर (२०७२/०७३)**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा न. ३५ तीनकुने स्थित श्री जगदम्वा सिमेन्ट ईण्डष्ट्रिज प्रा. लि. (स्थायी लेखा नं. ५००२०९७१२) का तर्फबाट कम्पनीका अध्यक्ष टिकाराम न्यौपाने.................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| राजस्व अनुसनधान विभाग, हरिहरभवन, ललितपुर..........................................१<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौ............................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- उप-महानिर्देशक श्री गोविन्द बहादुर बानिया

शुरु कार्यालयको निर्णय मितिः–२०७३/११/१५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुवँर

निर्णय मितिः २०७६/११/२२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री डासीराम खनाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री विकाश वन्जारा

**अवलम्वित नजीरः ×**

राजस्व अनुसन्धान विभागबाट मिति २०७३/११/१५ मा भएको अन्तिम कर निर्धारणको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६/११/२२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता जगदम्बा सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. को कर परीक्षणको सिलसिलामा आ.व. २०७२/०७३ को लागि मूल्य अभिबृद्धि कर तर्फको कारोवारको अनुसन्धान परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २० अनुसार कर निर्धारण गरी दफा २९(२) बमोजिम शतप्रतिशत जरिवाना तथा दफा १९ र २६ बमोजिम थप दस्तुर र व्याज समेत गणना गरी मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम रु.१,२७,२१,५४४।— को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७३।११।०१ मा जारी भएको।

२. प्रारम्भिक कर निर्धारण आदेश बमोजिम मूल्य अभिवृद्धि कर तिर्नु नपर्ने वा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए १५ दिन भित्र पेश गर्न अन्यथा सर्वसंचित कोषमा दाखिला हुने गरी रकम जम्मा गर्नु भनी जारी भएको सूचना करदाताले मिति २०७३।११।०२ मा बुझीलिइ सोको जवाफ मिति २०७३।११।१५ गते लिखित जवाफ पेश भएको ।

३. करदाताले दिएको बयानमा कसुर स्वीकार गरेको तथा प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको रकम दाखिला गर्न मन्जुर गरेको अवस्था समेतलाई विचार गर्दा मिति २०७३।११।१ मा जारी प्रारम्भिक कर निर्धारण आदेशमा कुनै परिवर्तन गर्नुपर्ने नदेखिएकोले रु.१,२७,२१,५४४।- को मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी राजस्व अनुसन्धान विभाग, ललितपुरबाट मिति २०७३/११/१५ मा भएको निर्णय ।

४. राजस्व अनुसन्धान विभाग, ललितपुरले मिति २०७३/११/१७ मा जारी गरेको आ.व. २०७२/०७३ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त

नबुझी करदाता जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०१/२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. निवेदकको कारखानाबाट उत्पादित मौज्दातमा घटी देखिएको ७५,६४५ बोरा सिमेन्ट वीजक नै जारी नगरी वा गैह्र कर वीजक जारी गरी बिक्री गरेको अवस्था देखिँदा थप बिक्री रु.४,४३,१३,०७१।७२ कायम गरी सोमा मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २० को उपदफा (१) को देहाय खण्ड (ज) को अवस्था भएकोले सोही ऐनको दफा २० को उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम रु.५७,६०,७००।- कर निर्धारण गरी सोही ऐनको दफा २९ को उपदफा (२) को खण्ड (क) र (ख) को कसुर गरेको अबस्था हुँदा शतप्रतिशत जरीवाना, दफा १९ अनुसारको थप दस्तुर र दफा २६ अनुसारको व्याज समेत गणना गरी जारी गरेको अन्तिम कर निर्धारण आदेश कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्होराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२२ मा भएको निर्णय।

६. करदाता कम्पनीले उद्योगको निरीक्षण परीक्षण गर्दाका बखत आर्थिक विवरणहरुसंग सम्बन्धित सम्पुर्ण हिसाब किताव, बिल भौचर, खरिद बिक्री सम्बन्धी बिल वीजक, खरिद बिक्री खाता, लेजर खाताहरु र मूल्य अभिबृद्धि कर खाताहरु नै पेश गरिएको छ। कारखानामा संलग्न कच्चा पदार्थ, अर्ध तयारी सामान, उत्पादन, बिक्री र अन्तिम मौज्दातको विस्तृत विवरणको प्रमाणित आधार कम्पनीले अन्तःशुल्क ऐन तथा नियमावली बमोजिम समय समयमा गरिरहेको छ। बास्तविक उत्पादनलाई कम देखाउने कार्य यस कम्पनीले नगरेको र कर्मचारीको गल्तीले उत्पादनको लागि खपत भई सकेको कच्चा पदार्थ स्टक बुकमा समायोजन गर्न छुट भएको हुँदा उत्पादन, बिक्री र अन्तिम मौज्दातमा फरक परेको हो भनी कम्पनीको आधिकारिक व्यक्तिबाट बयानमा खुलाएको अवस्थामा समेत थप मूल्य अभिबृद्धि कर बुझाउनु पर्ने गरी भएको निर्णय मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९, २६ र २९(२) समेतको विपरित रहेकोले राजस्व अनुसन्धान विभागको मिति २०७३/११/१५ को कर निर्धारण पर्चा तथा अन्तिम कर निर्धारण आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७६।११।२२ मा भएको निर्णय समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०४/१६ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०४/२९ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

८. नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री डासीराम खनालले करदाताले बास्तविक उत्पादनलाई कम देखाउने कार्य नगरेको र कर्मचारीको गल्तीले उत्पादनको लागि खपत भई सकेको कच्चा पदार्थ स्टक बुकमा समायोजन गर्न छुट भएको हुँदा उत्पादन, बिक्री र अन्तिम मौज्दातमा फरक परेको हो भनी स्वीकार गरेको अवस्थामा समेत थप मूल्य अभिबृद्धि कर, जरिवाना र व्याज समेत लिने गरी गरेको निर्णय मूल्य अभिबृद्धि कर ऐन,२०५२ तथा नियमावली, २०५३ विपरित रहेकोले राजस्व अनुसन्धान विभागबाट भएको अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

९. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जाराले करदाताले करखानामा मौज्दात कितावको परिमाण र भौतिक गणनाको परिमाणमा फरक देखिएको सिमेन्टको वीजक जारी नगरी कसुर गरेकोले करदाताले सो सिमेन्टको बिक्री मुल्य अनुसार थप मुल्य अभिबृद्धि कर बुझाउनुपर्ने गरी राजस्व अनुसन्धान विभागबाट भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा राजस्व अनुसन्धान विभाग, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा प्रशासकिय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. अब निर्णयतर्फ विचार गर्दा, राजस्व अनुसन्धान विभागबाट पुनरावेदक जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. को मू.अ.कर ०७२/०७३ को सन्दर्भमा मिति २०७३/११/१५ मा भएको निर्णय बमोजिम मू.अ.कर रु.५७,६०,६९९।- र जरिवाना रु.५७,६०,६९९।- थप दस्तुर रु.४,८०,०५८।- व्याज रु.७,२०,०८७।- समेत जम्मा रु.१,२७,२१,५४४।- निर्धारण गरी भएको अन्तिम कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा शुरु आदेश सदर हुने ठहर्याई भएको निर्णयमा चित्त नबुझाई पुनरावेदकले यस न्यायाधीकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको देखिन्छ। कर निर्धारण आदेश गर्दा राजस्व अनुसन्धान विभागले

पुनरावेदकको मौज्दात खातामा उल्लेख भए भन्दा न्युन भौतिक मौज्दात फेला पारी कायम गरिएको थप बिक्रीलाई करदाताको मुनाफा र लाभमा समावेश गरी गरेको अन्तिम कर निर्धारणको निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो निर्णय बदर गरी थप मू.अ.कर फिर्ता गराई पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१२. मिसिल संलग्न अनुसन्धान प्रतिवेदन हेर्दा, करदाताले कारखानाबाट उत्पादित ७५,६४५ बोरा सिमेन्ट वीजक नै जारी नगरी वा गैह्र कर वीजक जारी गरी बिक्री गरेको अवस्था देखिएको भन्ने आधारमा उक्त सिमेन्ट बिक्री गरे वापत हुने रु.४,३६,३२,२६६।७२ थप बिक्री कायम गरी त्यसमा प्रति वोरा रु.९।- का दरले हुने अन्तःशुल्क रु.६,८०,८०५।।- समेत जोडी कायम हुने रु.४,४३,१३,०७१।७२ को मूल्य अभिबृद्धि कर कायम गर्नुपर्ने भन्ने निर्णयमा राजस्व अनुसन्धान विभाग पुगेको पाइयो। मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २० को उपदफा (१) (ज) मा वीजक जारी नगरी बिक्री गरेमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने अधिकार रहेकोले सोही बमोजिम किन अन्तिम कर निर्धारण नगर्ने भनी मिति २०७३।११।१ मा प्रारम्भिक कर निर्धारण आदेश जारी गरी करदातालाई मिति २०७३।११।१ च.न. २६५४ बाट सूचना दिएको देखियो। करदाताको तर्फबाट अख्तियारप्राप्त प्रतिनिधि प्रकाश तण्डुकारले मिति २०७३।११।१५ मा पेश गरेको जवाफमा आदेश पत्रमा उल्लिखित कर रकम तिर्न बुझाउन मन्जुर भएको भन्ने व्यहोरा उल्लेख गरेको देखियो। यसरी प्रारम्भिक कर निर्धारण आदेशलाई करदाताले स्वीकार गरी मुल्य अभिबृद्धि कर निर्धारण गर्नु नपर्ने कुनै प्रमाण पेश समेत नगरेको स्थितिमा राजस्व अनुसन्धान विभागबाट मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१) (ज) र मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम करदाताको हकमा २०७३ बैशाख अवधिको रु.१,२७,२१,५४४।- मल्य अभिबृद्धि कर असुल गर्ने गरी अन्तिम कर निर्धारण गरेको र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत देखिँदा परिवर्तन गर्नुपर्ने देखिएन।

१३. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. (स्थायी लेखा न.५००२०९७१२) को राजस्व अनुसन्धान विभाग हरिहरभवनबाट मिति २०७३।११।१५ मा आ.ब. २०७२।०७३ को मुल्य अभिबृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरेको आदेश र सोही आदेश सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२२ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसील</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।
२. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल राजस्व अनुसन्धान विभागमा पठाई र रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल फागुन २८ गते रोज १ शुभम..............................
प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप